गुर्भाकोट नगरपालिका

# नगरकार्यपालिकाको कार्यालय

शुभाघाट, सुर्खेत

कर्णाली प्रदेश, नेपाल

मितिः २०७५।५।३१

## उजुरी गर्ने समय दिईएको तथा अन्तर्वार्ता स्थगित भएको सूचना ।

"यस नगरपालिकाको मिति २०७५।५।२२ मा प्रकाशित भेटेरेनरी जेटिए (ना.प्रा.स.), कृषि जेटिए (ना.प्रा.स.), सिभिल सब इन्जिनियर तथा नापी सर्भेक्षक पदमा करार पदपूर्तिको विज्ञापन सूचना गरिएकोमा निर्धारित अवधिभित्र नापी सर्वेक्षक पदमा कुनैपनि दरखास्त पर्न नआएको र अन्य सबै पदहरुमा दर्ता हुन आएका विभिन्न ८८ वटा दरखास्त उपर गुर्भाकोट नगरपालिकामा करारमा कर्मचारी व्यवस्थापन गर्ने कार्यविधि – २०७५ बमोजिम शैक्षिक योग्यताको श्रेणी वापतको पूर्णाङ्क ६०, सम्बन्धित विषय अध्ययन पश्चात विभिन्न संस्थाहरुमा गरेको कार्य अनुभव वापतको अधिकतम अंक प्रतिवर्ष २ अंकका दरले बढिमा १० अंक तथा स्थायी बसोबासको ठेगाना वापत प्राप्त हुने १० अंक समेत गणना गरी कूल ८० पूर्णाङ्कमा उम्मेदवारले प्राप्त गरेको अंक गणना गरी मिति २०७५।५।२९ मा छोटो सूची प्रकाशन गरी अन्तर्वार्ताको मिति समेत प्रकाशन गरिएकोमा केही उम्मेदवारहरुको सम्बन्धमा शैक्षिक योग्यता तथा अनुभवको प्रमाणपत्रमा केही त्रुटी रहेकोले छानवीन गरिपाऊँ भनी यस कार्यालयमा निवेदन दर्चा गराएको हुँदा साथै छोटो सूचीमा परेका र अन्य उम्मेदवारका हकमा समेत यस्तै प्रकृतिका कुनै दावी उजुरी भए किटान गरी मिति २०७५।६।४ गते कार्यालय समयभित्र यस कार्यालयमा निवेदन पेश गर्न सूचित गरिन्छ । उजुरी दिने समयभित्र प्राप्त उजुरी उपर छानवीन गरी अन्तिम छोटो सूची प्रकाशन गरी अन्तर्वार्ताको मिति र समय प्रकाशन गरिने व्यहोरा समेत यस नगरपालिकाको मिति २०७५।५।३१ मा निर्णय भएको हुँदा सोही बमोजिम गर्नु गराउनुहुन सम्बन्धित सबैमा यो सूचना प्रकाशित गरिएको छ ।"

०७५।५।३१

टिकाराम ढकाल

प्रमुख प्रशासकीय अधिकृत